राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३०८ | २०८३ साउन ५ गते मंगलवार | (Tuesday, 21 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# ढल्केवरको एक होटलमा प्रहरीको छापा

## होटल सञ्चालकसहित ११ जना पक्राउ

**द पब्लिक टुडे समाचारदाता**

*ढल्केवर, साउन ४ गते ।*

धनुषाको ढल्केवरस्थित एक होटलमा प्रहरीले छापा मारेर होटल सञ्चालकसहित ११ जनालाई पक्राउ गरेको छ । सोमबार ढल्केवरस्थित रहेको न्यू मनकामना गेष्ट हाउसबाट होटल सञ्चालकसहित ११ जनालाई नियन्त्रण लिइएको इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक लक्ष्मण केसीले जानकारी दिए । कम उमेरका बालिकालाई होटलभित्र लगेर अनैतिक क्रियाकलाप भइरहेको भन्ने खबर स्थानीयले प्रहरीलाई दिएपछि इलाका प्रहरी




कार्यालय ढल्केवरबाट खटिएको प्रहरी टोलीले उक्त होटलमा सर्च गरेका थिए ।

त्यसैक्रममा ११ जनालाई नियन्त्रणमा लिइएको प्रहरी निरीक्षक केसीले बताए । नियन्त्रणमा लिइएको पाँचवटै जोडीलाई सम्झाइबुझाई छाडिएको उनको भनाइ छ। होटल सञ्चालक सत्रुधन दास नियन्त्रणमै रहेको प्रहरी निरीक्षक केसीले जनाए ।

'होटलबाट पाँचवटा जोडी ल्याएका

- बाँकी पृष्ठ ३ मा

# पब्लिक टुडेको ग्रुप एडिटरमा राजकरण महतो नियुक्त



**रोहित यादव**

*बर्दिबास, साउन ४ गते ।*

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.ले पत्रकार राजकरण महतोलाई ग्रुप एडिटरमा नियुक्त गरेको छ । पब्लिकेशनको सञ्चालक समितिको २०८३ असार ३२ गतेको निर्णयअनुसार साउन १ गतेदेखि लागू हुने गरी महतोलाई ग्रुप एडिटर पदमा नियुक्त गरिएको पब्लिकेशनका अध्यक्ष रामनारायण महतोले जानकारी दिए ।

नवनियुक्त ग्रुप एडिटर महतोले सोमबार बर्दिबासस्थित कार्यालयमा आयोजित कार्यक्रममा नियुक्तिपत्र बुझ्दै औपचारिक रूपमा पदभार ग्रहण गरेका छन् ।

करिब दुई दशकदेखि

- बाँकी पृष्ठ ३ मा


# कार्तिक कुमर सनसाइन इङ्गलिस बोर्डिङ स्कुल

## बटेश्वर गा.पा.-२, धनुषा



**Hostel ADMISSION OPEN**

- के तपाईंको बच्चा पढाइमा कमजोर छ ?
- अनुशासनमा समस्या छ ?
- पढाइमा ध्यान दिन सकिरहेको छैन ?
- घरमा उचित अध्ययन वातावरण पाइरहेको छैन ?

– अब चिन्ता नगर्नुहोस् । कार्तिक कुमर सनसाइन इङ्लिस बोर्डिङ स्कुल बटेश्वर-२ धनुषामा अनुभवी शिक्षक, अभिभावकजस्तै हेरचाह, नियमित अध्ययन, अनुशासित जीवनशैली तथा पारिवारिक वातावरणमा प्रत्येक विद्यार्थीको व्यक्तित्व विकास गर्ने उद्देश्यसहित हामिले होस्टेलमा भर्ना खुल्ला गरेका छौं ।

**हाम्रो विशेषताहरू**

- सुरक्षित, शान्त र पारिवारिक वातावरण
- २४ घण्टा अनुभवी शिक्षक तथा होस्टेल सुपरभिजन
- नियमित अध्ययन, अतिरिक्त कक्षा र गृहकार्य व्यवस्थापन
- अनुशासन, नैतिक शिक्षा र जीवन सीपमा विशेष जोड
- खेलकुद, नेतृत्व विकास तथा प्रतिभा पहिचानका अवसर
- प्रत्येक विद्यार्थीको व्यक्तिगत प्रगतिको निरन्तर निगरानी
- पौष्टिक तथा स्वच्छ खानाको व्यवस्था

**सम्पर्क**

संस्थापक/प्रिन्सीपल

**श्रवण कुमार महतो**

कार्तिक कुमर सनसाइन इङ्गलिस बोर्डिङ स्कुल

बटेश्वर-२, धनुषा

९८४४५९१४३/९८०४८२५०५८

आजको सही निर्णयले तपाईंको बच्चाको उज्ज्वल भविष्य निर्माण गर्छ ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# टुटेश्वरनाथ : आस्थाको भीड, विकासको प्रतीक्षा

साउन महिना महादेवप्रतिको आस्थाको महिना हो । साउनको पहिलो सोमबार महोत्तरीको बर्दिबास नगरपालिका-५ स्थित टुटेश्वरनाथ महादेव मन्दिरमा देखिएको भक्तजनको अपार भीडले यस पवित्र धामको धार्मिक महत्वलाई फेरि एकपटक प्रमाणित गरेको छ । मधेसको 'कैलास'का रूपमा श्रद्धापूर्वक पुकारिने टुटेश्वरनाथमा नेपाल र भारतका विभिन्न स्थानबाट ठूलो संख्यामा श्रद्धालु आउने गरेका छन् । तर विडम्बना के हो भने, श्रद्धालुको संख्या बढ्दै जाँदा पनि यस क्षेत्रको योजनाबद्ध विकास भने अझै प्रतीक्षामै छ ।

रातु नदीबाट जल लिएर १६ किलोमिटर उल्टो साइकल चलाउँदै टुटेश्वरनाथमा जल अर्पण गर्ने स्वास्थ्यकर्मी पोखरेलको सिर्जनात्मक अभियानले धार्मिक आस्थालाई पर्यटन प्रवर्द्धनसँग जोड्ने सन्देश दिएको छ । यस्तो असाधारण प्रयासले टुटेश्वरनाथको मात्र होइन, प्राचीन रातु नदी सभ्यता, स्थानीय संस्कृति र प्रकृतिसँग जोडिएको यस सम्पूर्ण क्षेत्रको पहिचान उजागर गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ । तर एक व्यक्तिको सिर्जनात्मक प्रयासले मात्र कुनै धार्मिक स्थललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्य बनाउन सकिँदैन । प्रश्न सरकार र स्थानीय तहसँग छ- लाखौं श्रद्धालु आउने टुटेश्वरनाथमा व्यवस्थित यातायात, पर्याप्त खानेपानी, सरसफाइ, शौचालय, स्वास्थ्य सेवा, सुरक्षा, आवास र सूचना केन्द्रको दीर्घकालीन व्यवस्था कहिले हुनेछ ? प्रत्येक वर्ष साउनमा भीड बढ्ने र बाँकी समय सम्भावना ओझेलमा पर्ने प्रवृत्तिको अन्त्य कहिले हुनेछ ?

टुटेश्वरनाथ केवल एउटा मन्दिर होइन । यो आस्था, इतिहास, नदी सभ्यता, संस्कृति र प्रकृतिको साझा धरोहर हो । त्यसैले यसलाई केवल धार्मिक स्थलका रूपमा हेर्नु दूरदृष्टिको अभाव हुनेछ । टुटेश्वरनाथ, रातु नदी सभ्यता र आसपासका प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई समेटेर धार्मिक पर्यटनको एकीकृत गुरुयोजना निर्माण गर्नुपर्छ । संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय गरी आवश्यक पूर्वाधार निर्माण र सम्पदा संरक्षणलाई प्राथमिकतामा राखिनुपर्छ । साउनमा उम्लिने भक्तिको यो महासागरलाई वर्षभरि चलायमान पर्यटनमा रूपान्तरण गर्न सकिए टुटेश्वरनाथ मधेसको मात्र होइन, नेपालको महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य बन्न सक्छ । अब पनि राज्यले टुटेश्वरनाथको सम्भावनालाई केवल भीड गन्ने विषय बनाइरह्यो भने त्यो आस्थामाथि मात्र होइन, समृद्धिको एउटा ठूलो अवसरमाथि पनि अन्याय हुनेछ । टुटेश्वरनाथलाई आस्थाको धामबाट समृद्धिको गन्तव्य बनाउने समय यही हो । यसतर्फ हाम्रा विकासप्रेमी सरकारको ध्यान केन्द्रित हुनैपर्छ ।

## राशिफल

मेष - आफन्तबाट टाढिनुपर्ने हुन सक्छ।
वृष - जिम्मेवारी पूरा गर्नमा बाधा हुनेछ।
मिथुन - फाइदा उठाउने चेष्टा गर्नेछन।
कर्कट - राम्रो परिणाम प्राप्त हुनेछ।
सिंह - धन आर्जन गर्न सकिनेछ।
कन्या - नतिजाले उत्साह जगाउनेछ।
तुला - नयाँ स्रोत फेला पर्नेछन्।
वृश्चिक - काम प्रारम्भ गर्ने समय छ।
धनु - पढाइमा प्रगति हुनेछ।
मकर - ज्ञान प्राप्त हुने योग छ।
कुम्भ - समस्या निम्त्याउन सक्छ।
मिन - अवसर प्राप्त हुनेछ।

# मधेशको कैलास टुटेश्वर आउदै पर्यटन मन्त्री

द पब्लिक टुडे समाचारदाता

*बर्दिबास, साउन ४ गते ।*



मधेशको कैलाश भनेर चर्चा बटुलिरहेको टुटेश्वरनाथ महादेवको दर्शन गर्न संघिय सरकारका सस्कृती, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडक राज पौडेल आउने भएका छन् ।

उनी आगामी श्रावण १८ गते सोमबार महोत्तरीको बर्दिबास-५ स्थित श्रावणी मेलामा सहभागी हुन आउन लागेका हुन् ।

महोत्तरी क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य प्रमोद कुमार महतोले मन्त्री पौडेल आफ्नो निमन्त्रणालाई स्वीकार गर्दै श्रावणी मेलामा सहभागी हुन टुटेश्वर आउने जानकारी दिएका हुन् ।

सांसद महतोले टुटेश्वरनाथ महादेव मन्दिरलाई धार्मिक आस्था, सांस्कृतिक पहिचान तथा पर्यटनको महत्वपूर्ण धरोहरका रूपमा उल्लेख गर्दै मन्त्रीको भ्रमणले मन्दिरको संरक्षण, प्रवर्द्धन तथा धार्मिक पर्यटनको विकासमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् ।

प्रतिनिधिसभा सदस्य महतोले यस अवसरमा सम्पूर्ण श्रद्धालु भक्तजन, स्थानीयवासी, युवा, बुद्धिजीवी, समाजसेवी, सञ्चारकर्मी तथा सरोकारवाला सबैलाई गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गरेका छन् ।

प्रतिनिधिसभा सदस्य महतोका अनुसार सबैको सक्रिय सहभागिताले टुटेश्वरनाथ महादेव मन्दिर तथा महोत्तरी जिल्लाको धार्मिक, सांस्कृतिक र पर्यटन सम्भावनालाई राष्ट्रिय स्तरमा थप परिचित गराउन महत्वपूर्ण भूमिका खेल्नेछ । श्रावण महिनाभर सञ्चालन हुने श्रावणी मेलामा नेपाल तथा भारतका हजारौं भक्तजन दर्शन, पूजा-आराधना र जलाभिषेकका लागि टुटेश्वरनाथ महादेव मन्दिर पुग्ने गर्छन् । पछिल्ला वर्षहरूमा 'मधेशको कैलाश'का रूपमा परिचित बन्दै गएको टुटेश्वर क्षेत्र धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा समेत विकास हुँदै गएको स्थानीयहरु बताउँछन् ।


## मिथिला लघु वित्त वित्तीय संस्था लि.को संस्थापक समूहको शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी (बोलपत्र) आव्हान सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८३/०४/०५)

मिथिला लघुवित्त वित्तीय संस्था लि.को संस्थापक श्री राम प्रसाद साहको नाममा रहेको संस्थापक समूहको ८,००० कित्ता शेयर नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बिक्री गर्न प्रस्ताव गरिएको संस्थापक शेयर खरीद गर्ने पहिलो हक विद्यमान संस्थापकहरुमा रहने भएकोले उक्त संस्थापक शेयर खरीद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनीहरुलाई मिति २०८३/०२/११ गते देखी २०८३/०३/१५ सम्मको समयावधि दिइ आवेदन माग गरिएकोमा तोकिएको समयावधि भित्र आवेदन प्राप्त नभएको हुँदा न्यूनतम प्रति कित्ता रु.६०० को दरले लिलाम बढाबढ अर्थात बोलकबोल माध्यमबाट बिक्री गर्ने यस संस्थाको संचालक समितिको निर्णय भएको हुँदा आवेदन दिन इच्छुक विद्यमान संस्थापक शेयरधनीहरु लगायत अन्य व्यक्ति तथा संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थाको केन्द्रीय कार्यालय ढल्केवर धनुषामा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

| क्र.सं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्रको) नाम र ठेगाना |
|---|---|
| १. | मिथिला लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, ढल्केवर धनुषा । |

तपशिल

| क्र.सं. | कम्पनीको नाम | शेयर कित्ता |
|---|---|---|
| १. | मिथिला लघुवित्त वित्तीय संस्था लि.। | ८,००० |

**शर्तहरु:**

१. बोलपत्र आवेदन फाराम रु १००/- भुक्तानी गरी मिथिला लघुवित्त वित्तीय संस्थाबाट प्राप्त गर्न सकिन्छ ।
२. आवेदन फाराममा आफुले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । केरमेट भएका ठाउँमा दस्तखत गर्नु पर्नेछ ।
३. प्रति कित्ता रु.६००/- (अक्षरेपी- छ सय मात्र) तोकिएको हुँदा उक्त मूल्यभन्दा कम मूल्य अंकित गरि पेश गरेको आवेदन स्वत: रद्द हुनेछ ।
४. शेयर खरीदको लागि आवेदन गर्दा न्यूनतम १०० (सय) कित्ताको लागि आवेदन दिन पर्नेछ भने अधिकतम माथि उल्लेखित सम्पूर्ण शेयर संख्याको लागि आवेदन दिन सकिने छ । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति, एकाघर परिवारका सदस्य वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकत्तम संख्या सीमाभन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ । दशमलव (खण्डित रुपमा) आउने गरी शेयर संख्या आवेदनगर्न पाइने छैन ।
५. शिलबन्दी खाम बाहिर 'मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको शेयर खरीद आवेदन' उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहा छाप गरिएको हुनुपर्ने छ ।
६. बोलपत्रवालाले आफुले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम ढल्केवर, धनुषा स्थित माछापुच्छ्रे बैंकमा रहेको मिथिला लघु वित्त वित्तीय संस्था लिमिटेडको चल्ती खाता नं. ११५००३४०७६२०००११ मा नगद जम्मा गरी सो को सक्कल बैंक भौचर संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्ने पर्नेछ ।साथै Swift Transfer/IPS को माध्यमबाट रकम जम्मा गर्न चाहने व्यक्ति वा संस्थाले Swift Transfer /IPS आदेशको कपी र खातामा रकम जम्मा भएको कपी संलग्न गरी आवेदन दिन सक्नु हुनेछ ।
७. सबैभन्दा बढी मूल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिकभार अनुसार दामासाहीले बाँडफाँट गरिने छ ।प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहने छ ।
८. कम्पनीको विद्यमान संस्थापक शेयरधनीहरु लगायत अन्य व्यक्ति तथा संघ संस्थाहरुको लागी यो सूचना प्रकाशित गरिएको हुनाले शेयर खरीदको लागि आवेदन पेश गर्दा शेयरधनी नम्बर वा हितग्राही खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
९. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।
१०. प्राप्त बोलपत्रहरु मिति २०८३।०४।२२ गते दिउँसो ३:०० बजे मिथिला लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा खोलिने छ ।
११. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।
१२. यस कम्पनीको स्वीकृत बोलपत्रलाई बाँडफाँट गर्ने निर्णय गरेको जानकारी सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई उपलब्ध सर्म्पक नम्बरमा जानकारी गराइनेछ ।
१३. बोलपत्र आवेदनहरु मध्ये बोल कबोलमा नपरेको आवेदकहरुको जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम IPS मार्फत सिधैं आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ ।
१४. बाँडफाँटमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरीद कारोवार तथा नामसारी गरिनेछ । शेयर खरीद कारोबार तथा नामसारी गर्दा लाग्ने ब्रोकरेज कमिसन **(Borkerage Commission)** लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।
१५. आवेदन फाराममा हितग्राही खाता नं. र बैंक खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
१६. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँट गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँट सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस वित्तीय संस्थाको संचालक समितिमा रहने छ ।

**मिथिला लघुवित्त वित्तीय संस्था लि.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था मधेश प्रदेश कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय ढल्केवर, धनुषा

## पब्लिक टुडेको ग्रुप एडिटरमा राजकरण...

पत्रकारिता तथा आमसञ्चार क्षेत्रमा निरन्तर सक्रिय रहँदै हासिल गरेको व्यावसायिक अनुभव, सम्पादकीय नेतृत्व, तथ्यपरक तथा उत्तरदायी पत्रकारिताप्रतिको प्रतिबद्धता, आमसञ्चार तथा पत्रकारितामा स्नातकोत्तर तहको शैक्षिक योग्यता तथा सञ्चार क्षेत्रको संस्थागत विकासमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै महतोलाई उक्त जिम्मेवारी प्रदान गरिएको नियुक्तिपत्रमा उल्लेख छ ।

ग्रुप एडिटरका रूपमा महतोले पब्लिक टुडे पब्लिकेशनअन्तर्गत सञ्चालित द पब्लिक टुडे दैनिक, द पब्लिक टुडे डटकम, महोत्तरी अपडेट साप्ताहिक, रेडियो पब्लिक ९३.३ मेगाहर्ज, गौशाला तथा रेडियो दर्पण ८८.४ मेगाहर्ज, बर्दिबासको समग्र सम्पादकीय नेतृत्व सम्हाल्नेछन् । नियुक्तिपत्र प्रदान गर्दै अध्यक्ष रामनारायण महतोले नवनियुक्त ग्रुप एडिटरको व्यावहारिक पत्रकारिता अनुभव, सम्पादकीय दूरदृष्टि, व्यवस्थापकीय क्षमता तथा व्यावसायिक निष्ठाको समुचित उपयोगबाट पब्लिकेशनअन्तर्गत सञ्चालित सम्पूर्ण सञ्चारमाध्यमको सम्पादकीय गुणस्तर, विश्वसनीयता, अनुसन्धानमूलक पत्रकारिता, संस्थागत सुशासन तथा सार्वजनिक विश्वासलाई थप सुदृढ बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नेमा विश्वास व्यक्त गरे ।

नवनियुक्त ग्रुप एडिटर महतोले आफूलाई प्रदान गरिएको जिम्मेवारीलाई निष्पक्ष, व्यावसायिक र उत्तरदायी पत्रकारिताको मूल्य-मान्यताअनुरूप निर्वाह गर्दै पब्लिकेशनका सम्पूर्ण सञ्चारमाध्यमको सम्पादकीय स्तरलाई अझ प्रभावकारी, विश्वसनीय र जनउत्तरदायी बनाउन प्रतिबद्ध रहने बताएका छन् । उनले पब्लिक टुडे पब्लिकेशनलाई अझ विश्वसनीय, प्रभावकारी र पाठक-श्रोता-दर्शकमैत्री सञ्चार संस्थाका रूपमा स्थापित गर्न सम्पूर्ण टिमसँग सहकार्य गर्दै अघि बढ्ने बताए । नवनियुक्त ग्रुप एडिटर महतो करिब दुई दशकदेखि पत्रकारिता तथा आमसञ्चार क्षेत्रमा सक्रिय छन् । आमसञ्चार तथा पत्रकारितामा स्नातकोत्तर गरेका उनी नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य समेत हुन् ।

## तीतो करेलाखेतीमा उज्यालो भविष्य...

पनि व्यावसायिक तरकारीखेतीलाई प्राथमिकतामा राख्दै किसानलाई तालिम, प्राविधिक सहयोग, सिँचाइ पूर्वाधार र कृषि सामग्रीमा अनुदान उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ ।

विश्व बैंक र विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको आर्थिक सहयोगमा नेपाल सरकारको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फ्यानसेप नेपाल) आयोजना कलष्टर एकाइ धनुषाद्वारा संचालित परियोजनाअन्तर्गत महिलालाई करेलाखेतीबारे आवश्यक ज्ञान सीपसँगै उन्नत बीउबिजन, औषधिलगायतका प्राविधि ज्ञान तथा अनुदान दिएपछि महिलाहरु व्यावसायिक रुपमा करेलाखेतीमा जुटेका हुन् ।

यस्ता कार्यक्रमले महिलालाई व्यवसाय विस्तार गर्न सहज बनाएको छ । परियोजनामार्फत अनुदानसँगै आधुनिक प्रविधि र व्यवस्थापनबारे जानकारी पाएपछि उत्पादनमा गुणस्तरीय सुधार आएको समूहका महिला कृषकहरू बताउँछन् ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फ्यानसेप नेपाल) आयोजना कलष्टर एकाइ धनुषाका प्रशासन प्रमुख शिवनाथ शर्माका अनुसार परियोजनाअन्तर्गत करेलाखेतीका लागि सो महिला समूहमा २५ जना सदस्यलाई खेतीबारे पाठशालामार्फत ज्ञान सीप दिनुका साथै बीउबिजन, सिँचाइका लागि पानी तान्ने मोटरलगायतका सामग्री खरिदमा अनुदान उपलब्ध गराइएको छ ।

जलवायु सहनशीलता अभिवृद्धि गर्ने, कृषि उत्पादकत्व बढाउने तथा लक्षित साना कृषक समुदायको पोषण अभ्यासमा सुधार ल्याउने उद्देश्यले धनुषाको बटेश्वर र जनकनन्दनी गाउँपालिकामा तथा महोत्तरीको सम्सी र सोनमा गाउँपालिकामा उक्त परियोजना सञ्चालनमा छन् ।

परियोजनाअन्तर्गत दुई जिल्लाका चार पालिकामा ५५३ वटा समूह सक्रिय रहेको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (फ्यानसेप नेपाल) आयोजना कलष्टर एकाइ धनुषाले जनाएको छ ।

एकाइका कार्यालय प्रमुख रविलाल शर्माका अनुसार सक्रिय रहेका ४०० समूहलाई साना अनुदान, पूरक अनुदान, प्रवर्द्धन कार्यक्रम अनुदान र घरबारी पोषण बगैँचा योजनामार्फत समूहको कामको मूल्याङ्कन गरी अनुदान सिधै किसानहरुको खातामा पठाउँदै आएको छ । सीमान्तकृत, साना किसान, गर्भवतीलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको प्रमुख शर्माको कथन छ ।

तरकारीखेतीमा महिलाको सक्रिय सहभागिताले ग्रामीण अर्थतन्त्रलाई गतिशील बनाइरहेको कृषिविज्ञ तथा परियोजनाका कृषि अधिकृत शिवचन्द्र झा बताउँछन् । उत्पादनसँगै प्रशोधन, प्याकेजिङ र बजारीकरणमा ध्यान दिनसके करेलाखेती अझ बढी आम्दानीको स्रोत बन्न सक्ने उनको सुझाव छ । बीउ, मल, विषादीको मूल्यवृद्धि, बजार मूल्यमा हुने उतारचढाव, बालीमा लाग्ने रोग-कीरा तथा पर्याप्त शीतभण्डारणको अभावलाई मुख्य चुनौतीका रूपमा रहेको महिला किसानहरु बताउँछन् ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय
कृषि संकाय
**प्राकृतिक स्रोत व्यवस्थापन कलेज**
बर्दिवास न.पा.-०६, किसाननगर, महोत्तरी

**सूची दर्ता गर्ने सम्बन्धि सूचना**

*(प्रथम पटक प्रकाशित मिति : २०८३/०४/०४)*

कृषि तथा वन विज्ञान विश्व विद्यालय, कृषि संकाय अन्तर्गत संचालित प्राकृतिक स्रोत व्यवस्थापन कलेज बर्दिवास, महोत्तरीलाई आ.व.२०८३/८४ का लागि तल उल्लेख गरिए बमोजिमका सेवा तथा सामग्री आपूर्ति गर्न चाहने आपूर्ति कर्ता, फर्म, प्रा.लि., सप्लायर्सहरुले रजिष्टर्ड फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यापार व्यवसाय गर्न इजाजत प्राप्त प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, भ्याट/प्यानको प्रमाणपत्रको प्रतिलिपि र सूची दर्ताको निवेदन सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा यस कलेजको प्रशासन शाखामा उपस्थित भई वा ईमेल cnrmbardibas@afu.edu.np मार्फत सूची दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सूची दर्ताको निवेदन कलेज प्रशासन शाखाबाट लिन वा www.afu.edu.np बाट डाउनलोड गर्न सकिनेछ ।

१) सेनेटरी सामानहरु सप्लाई तथा मर्मत सम्बन्धी ।
२) ल्याबमा प्रयोग हुने केमिकल्स र उपकरण आदि सप्लाई सम्बन्धी ।
३) कृषि औजारहरु सप्लाई सम्बन्धी ।
४) फर्निचर तथा फर्निसिंगका सामानहरु सप्लाई तथा मर्मत सम्बन्धी ।
५) स्टेसनरी सामानहरु (मसलन्द तथा विविध) सम्बन्धी ।
६) छपाई सम्बन्धी ।
७) विज्ञापन/सूचना प्रकाशन सम्बन्धी ।
८) भौतिक पूर्वाधार तथा परामर्श सेवा सम्बन्धी ।
९) मल, बिउबिजन, किटनाशक विषादी आदि सप्लाई सम्बन्धी ।
१०) पिउने पानी सम्बन्धी ।
११) कम्प्यूटर, प्रिन्टर्स, एअर कन्डिसन सप्लाई र मर्मत सम्बन्धी ।
१२) ट्राभल तथा टुर सेवा सम्बन्धी ।
१३) ईलेक्ट्रोनिक्स/इलेक्ट्रिकल उपकरण एवं सामानहरु सप्लाई तथा मर्मत सम्बन्धी ।
१४) सवारी साधनका पार्टपुर्जा सप्लाई तथा मर्मत सम्बन्धी ।
१५) विविध ।

**प्रिन्सिपल**

# वीरगञ्जमा मुख्य सडक विस्तार अभियान पुनः सुरू

**राष्ट्रिय समाचार समिति**

*वीरगञ्ज, साउन ४ गते ।*

पर्साको वीरगञ्जस्थित घण्टाघरबाट अलखियामठ खण्डमा बाँकी रहेका संरचना हटाउने काम सुरु भएको छ । सडक डिभिजन कार्यालय हेटौंडाले वीरगञ्ज महानगरपालिकाका मुख्य सडक घण्टाघर-अलखियामठ खण्ड विस्तार अभियानलाई पुन:प्राथमिकताका साथ सञ्चालन गर्ने गरी काम सुरु गरेको हो ।

डिभिजन कार्यालयले सूचना जारी गरी भनेको छ, "यस डिभिजनअन्तर्गत त्रिभुवन राजपथको सिरसिया मितरी पुलबाट बहुअरी गण्डक चोकसम्मको खण्डमा सडकको केन्द्ररेखाबाट दायाँ-बायाँ २५-२५ मिटर सीमा संरक्षण कार्य सुरु भइरहेको छ । त्यसैले उक्त क्षेत्रभित्र रहेका पसल वा अन्य संरचना तत्काल खाली गर्न, घरभित्र कोही नबस्न, घरभित्र रहेका सामान हटाउन अनुरोध गर्दछौं ।"

कार्यालयले सूचनामार्फत होटल, लज र अतिथि गृहमा पाहुना नराख्न पनि सम्बन्धित सबैमा जानकारी गराएको छ ।

साथै सडक सीमाभित्र भत्किएका घरहरूबाट १५ दिनभित्र आफ्ना सरसामान हटाइ सडक सीमा संरक्षण कार्यमा सहयोग गर्न पनि डिभिजन कार्यालयको अनुरोध छ ।

वीरगञ्जको मुख्य सडक विस्तारका लागि सडक डिभिजन कार्यालयले गत वैशाख ६ गतेदेखि अभियानलाई सक्रिय रूपमा अघि बढाउँदै आएको थियो ।

पहिलो चरणमा मुख्य सडकको दायाँ-बायाँ २५-२५ मिटरभित्र पर्ने करिब एक हजार २०० संरचना अगाडिको भाग डोजर प्रयोग गरी हटाइएको थियो ।

अधिकांश घरधनीले संरचना नहटाएपछि सडक डिभिजन कार्यालयले गत असार २० गतेदेखि पुन: डोजर परिचालन गर्दै दोस्रो चरणको अभियान सुरु गरेको थियो ।

यस क्रममा गण्डकचोकबाट घण्टाघरसम्म तथा मितेरी पुलबाट अलखियामठसम्मका क्षेत्रमा सडक विस्तारको काम अघि बढाइएको कार्यालयले जनाएको छ ।

त्यसपछि गहवामाई चौथो रथयात्रालाई सहज रूपमा सम्पन्न गराउन अभियान केही दिनका लागि स्थगित गरिएको थियो ।

## बसही खोलाको पुल निर्माणमा...

साहले पटक-पटक म्याद थप्दा पनि निर्माण व्यवसायीले अपेक्षित रूपमा काम नगरेपछि कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिए । उनका अनुसार सोही प्रक्रियाका कारण अहिले निर्माण रोकिएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालले पुरानो साँघुरो पुलका कारण दुर्घटनाको जोखिम बढेको बताए । उनका अनुसार फराकिलो सडकबाट आउने सवारीसाधन एक्कासि साँघुरो पुलमा पुग्दा चालक अलमलिने गरेका छन् । जोखिम न्यूनीकरणका लागि ट्राफिक सङ्केत राखिए पनि चालकको असावधानीका कारण दुर्घटना रोकिएको छैन ।

नेपाल-भारत व्यापार, जनकपुरधामको धार्मिक पर्यटन तथा मधेस प्रदेशको यातायात सञ्जालका दृष्टिले महत्वपूर्ण मानिने यस सडकखण्डमा पुल नबन्दा आवागमन मात्र होइन, स्थानीय आर्थिक गतिविधिसमेत प्रभावित भएको जनकपुरधाम उपमहानगरपालिकाका दीपेन्द्र तिवारीले बताए ।

स्थानीयवासी तथा व्यवसायीले राष्ट्रिय महत्वको यस सडक आयोजनालाई पूर्णता दिन बसही खोलाको पुल यथाशीघ्र निर्माण सम्पन्न गर्न सरकारसँग माग गरेका छन् ।

## ढल्केवरको एक होटलमा प्रहरीको...

थियौं । त्यसमा एउटा अन्डर ऐज जोडी पनि थियो । सबै गर्लफ्रेण्ड-बोयफ्रेण्ड रछ । हामीले सबैलाई सम्झाइबुझाई छाडेका हौं,' प्रहरी निरीक्षक केसीले भने 'अन्डर ऐज जोडीलाई पनि कोठा दिएको पुष्टि भएपछि होटल सञ्चालकलाई नियन्त्रणमा राखेका हौं । उहाँलाई पटकपटक सम्झाउँदा समेत अटेर गरेको पाइएको हो ।'

होटल सञ्चालक दासमाथि कारबाही प्रक्रिया अगाडी बढाइने तयारी भइरहेको प्रहरी निरीक्षक केसीले बताए ।

चार महिनाको अन्तरालमा धनुषाको ढल्केवरस्थित दुई फरक होटलमा दुई महिलाको रहस्यमय मृत्यु घटनाले ढल्केवरमा होटल व्यवसायको आडमा भइरहेको अवैधक्रियाकलापलाई नग्याइदिएको समाचार सोमबार द पब्लिक टुडेले प्रकाशन गरेको थियो ।

ढल्केवरका अधिकांश होटलमा अवैध यौन धन्दा भइरहेको व्यापक जनगुनासो भएपनि त्यसलाई नियन्त्रण गर्न होटल व्यवसायी, स्थानीय जनप्रतिनिधि, प्रहरीप्रशासन गम्भिर नबन्दा यहाँ यौन व्यवसायले बिक्राल रुप लिएको स्थानीहरु बताउँछन् ।

दुवै घटनाको अनुसन्धान प्रहरीले गरिरहेको भए पनि यस्ता घटना दोहोरिनुले होटल सञ्चालनको मापदण्ड, प्रहरी अनुगमन, स्थानीय सरकारको नियमन तथा होटल व्यवसायको आडमा हुने अवैध गतिविधिमाथि गम्भीर प्रश्न उठाएको स्थानीयहरु बताउँछन् ।

## उल्टो साइकलले यात्रीले बढायो...

पदाधिकारीबाट पाएको हार्दिकताले मन दङ्ग भएको उनको भनाइ छ । आफूले जल लिने ठाउँ यहींकै पवित्र रातु नदी सभ्यताको र जल चढाउने ठाउँ पनि आफ्नै नगरको टुटेश्वरनाथ शिवलिङ्ग रोज्नु दुबै ठाउँको महत्ता बढाउने उद्देश्य रहेको पोखरेलले जनाए ।

जुन गन्तव्यमा पुग्ने हो, त्यस्को उल्टो फर्केर साइकल चलाउने पोखरेलको सीप र अभ्यासले यसपालि साउने सोमबारी मेला रोज्नु यी ठाउँको परिचय विस्तारमा सहयोगी हुने मन्दिर संरक्षण समितिका अध्यक्ष राजाराम यादवको प्रतिकृया छ । "उल्टो साइकल यात्राले आम दर्शनार्थीबीच निकै चर्चा पायो,' यादवले भने, 'यस कार्यले यहाँको एक महिने धार्मिक मेला र हाम्रो ठाउँबारे थप चासो बढाएको छ ।'

मन्दिरमा पहिलो सोमबार लाखौंको हाराहारीमा श्रद्धालुले शिव दर्शन गरेका समितिले जनाएको छ ।

संक्रामक रोग एचआईभी एड्स र लागुऔषध दुर्व्यसनी विरुद्ध जनचेतना जगाउन पोखरेलले २०६३ सालमा मेचीदेखि महाकालीसम्म उल्टो साइकल यात्रा गरेका थिए । यसपाली पोखरेलले विशेष धार्मिक तथा पर्यटन प्रवर्द्धनका लागि उल्टो साइकल यात्रा गरेको जनाए ।

श्रावण महिनामा नेपाल र भारतबाट १० लाखको संख्यामा श्रद्धालु पुग्ने टुटेश्वरनाथ महादेव मन्दिरमा भएको यो अनौठो उल्टो साइकल यात्राले धार्मिक पर्यटनको प्रवर्द्धनसँगै टुटेश्वरको पहिचानलाई थप व्यापक बनाएको महोत्तरी क्षेत्र नम्बर-१ का प्रतिनिधि सभा सदस्य प्रमोद कुमार महतोले जनाए ।

## ३६ वर्ष शिक्षा र खेलकुदमा समर्पित...

प्रेरित गरेको स्मरण गरे ।

"उहाँले सिकाएको अनुशासन र मेहनत आज पनि जीवनमा उपयोगी बनेको छ," उनले भने ।

विद्यालयका कायममुकायम प्रधानाध्यापक रामस्नेही यादवले गौतमको समर्पित सेवाको प्रशंसा गर्दै अवकाशपछिको जीवन सुखद, स्वस्थ र सक्रिय रहोस् भन्ने शुभकामना व्यक्त गरे ।

समारोहमा वक्ताहरूले शिक्षक गौतमको शिक्षण, अनुशासन र खेलकुद विकासमा पुऱ्याएको योगदानको चर्चा गरेका थिए ।

सम्मान ग्रहणपछि गौतमले विद्यालय, सहकर्मी, विद्यार्थी र स्थानीय समुदायबाट पाएको साथ र सम्मानप्रति आभार व्यक्त गर्दै शिक्षण सेवाबाट अवकाश लिए पनि समाज र खेलकुदको विकासमा आफ्नो सहयोग निरन्तर रहने बताए ।

उक्त विदाई एवं सम्मान कार्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीयवासी, जनप्रतिनिधि तथा समाजसेवीको उल्लेख्य उपस्थिति थियो ।

# उल्टो साइकलले यात्रीले बढायो 'मधेशको कैलास'को चर्चा

गोपालप्रसाद बराल

*टुटेश्वर(महोत्तरी), साउन ४ गते ।*

मान्छेका लहड र इच्छा थरिथरिका हुन्छन् । बर्दिबास-१ जनता क्याम्पस मार्गका जीवनाथ पोखरेलले उल्टो साइकल चलाएर टुटेश्वरनाथ महादेव शिवलिङ्गमा जलफूल चढाएका छन् । पूर्वपश्चिम राजमार्गको रातुठाकुर नदीबाट जल भरेका पोखरेलले साउनको पहिलो सोमबारको अवसरमा १६ किलोमीटर दुरी उल्टो साइकल चलाउँदै बर्दिबास-५ टुटेश्वरस्थित टुटेश्वरनाथ महादेव शिवलिङ्गमा जलफूल चढाएका छन् ।

पोखरेलले यसअघिदेखि नै उल्टो फर्केर साइकल र मोटरसाइकल चलाउने अभ्यास गर्दै आएका छन् । आफ्नो यो अभ्यासलाई 'मधेशको कैलास' पनि भनिने टुटेश्वरनाथ महादेव मन्दिरबारे चासो बढाउने उद्देश्यले पहिलो साउने सोमबारकै दिन शिवलिङ्गमा जलफूल चढाएको उनको भनाइ छ ।



'म जिल्लाका चुरे पर्वत श्रेणी आसपासका पौराणिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलबारे आमचासो बढोस् भन्ने चाहान्छु,' पोखरेलले भने, 'यसैले साउने बोलबम मेलाको अवसर पारेर टुटेश्वरनाथमा जलफूल चढाउन उल्टो साइकल चलाउँदै आएको हुँ ।' यात्रा अवधिभरि बाटोमा आफूबारे आम यात्रीले देखाएका चासो र मन्दिर परिसरमा टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समितिका

*- बाँकी पृष्ठ ३ मा*

# बसही खोलाको पुल निर्माणमा वर्षौंको ढिलाइ



राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन ४ गते ।*

धनुषाको ढल्केवर-जटही सडकखण्डअन्तर्गत मिथिला नगरपालिका-६ स्थित बसही खोलामा निर्माणाधीन पुल वर्षौंदेखि सम्पन्न हुन नसक्दा स्थानीयवासी र यात्रुले सास्ती खेपिरहेका छन् । निर्माणमा भएको ढिलाइका कारण उक्त स्थान दुर्घटनाको उच्च जोखिमयुक्त क्षेत्रसमेत बनेको छ । ढल्केबरदेखि जटहीसम्मको सडक छ लेनमा विस्तार भइसके पनि बसही खोला पार गर्न अझै पुरानै साँघुरो पुल प्रयोग गर्नुपर्ने बाध्यता छ । फराकिलो सडकबाट तीव्र गतिमा आएका सवारीसाधन साँघुरो पुलमा प्रवेश गर्दा चालक झुक्किने र दुर्घटना हुनेक्रम बढेको स्थानीयको भनाइ छ ।

स्थानीय विजय साहले निर्माण व्यवसायीको लापर्वाहीका कारण वर्षौंदेखि काम अलपत्र परेको बताए । यस अवधिमा उक्त क्षेत्रमा धेरै दुर्घटना भइसकेको र मानवीय क्षतिसमेत भएको उनको भनाइ छ । उनका अनुसार अहिले निर्माण सामग्रीमा समेत खिया लाग्न थालेको छ ।

सडक डिभिजन कार्यालय जनकपुरका अनुसार १४ करोड आठ लाख २३ हजारको लागतमा नागार्जुन-हेक कन्स्ट्रक्सन जेभीसँग २०७६ असार ३१ गते सम्झौता भएको थियो । २०७८ असार मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य रहे पनि हालसम्म करिब ४० प्रतिशत मात्र काम भएको छ ।

सडक डिभिजन कार्यालय जनकपुरका प्रमुख दरोगाप्रसाद

*- बाँकी पृष्ठ ३ मा*

# ३६ वर्ष शिक्षा र खेलकुदमा समर्पित गौतमलाई सम्मानसहित बिदाइ

द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन ४ गते ।*

शिक्षण र खेलकुद प्रशिक्षणमा ३६ वर्षसम्म समर्पित शिक्षक लक्ष्मण कुमार गौतमलाई श्री राष्ट्रिय माध्यमिक विद्यालय कान्तिबजारले सम्मानसहित बिदाइ गरेका छन् ।

अस्थायी शिक्षकका रूपमा सेवा सुरु गरेका गौतम पछि स्थायी नियुक्ति भई सोही विद्यालयमा निरन्तर ३६ वर्ष कार्यरत रहेपछि अवकाश भएका हुन् ।

राष्ट्रिय ह्यान्डबल खेलाडीसमेत रहेका शिक्षक गौतम शिक्षणसँगै विद्यालय र आसपासका क्षेत्रमा खेलकुदको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका छन् ।

सोमवार विद्यालयले आयोजना गरेको बिदाइ समारोहमा गौतमलाई



सम्मानपत्र, फूलमाला, अबिर र दोसल्ला ओढाएर सम्मान गरेका छन ।

विद्यालयमा रहँदा गौतमले विद्यार्थीलाई नियमित रूपमा खेलकुद प्रशिक्षण दिँदै गाउँबाट राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

उनको प्रशिक्षणबाट धेरै विद्यार्थी विभिन्न राष्ट्रिय प्रतियोगितामा सहभागी भएका छन् ।

कार्यक्रममा गौशाला नगरपालिका-१२ का वडाध्यक्ष कुशेश्वर सिंहले शिक्षणसँगै खेलकुदको विकासमा गौतमले पुऱ्याएको योगदान अनुकरणीय रहेको बताए ।

उनले यस्ता शिक्षकको योगदानले विद्यालय मात्र होइन, समाजलाई पनि दीर्घकालीन लाभ पुगेको उल्लेख गरे ।

स्थानीय विष्णु लामाले आफू फुटबल खेलाडी भए पनि किशोरावस्थामा गौतमले भलिबल खेल्न सिकाएर खेलकुदप्रति थप

*- बाँकी पृष्ठ ३ मा*

WE ARE HIRING
आवश्यकता
कान्तिपुर डिजिटल कलर ल्याब
बर्दिवास, महोत्तरी
● कम्प्यूटर अपरेटर - २
● रिसेप्शनिष्ट (Female)- २
तलब :
आपसी समझदारीमा
Send Your Resume
kantipur33@gmail.com
सम्पर्क नं. ९८५४०२०५९५, ९८०१६२०५९५

# तीतो करेलाखेतीमा उज्यालो भविष्य खोज्दै महिला


राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन ४ गते ।*

एक समय घरधन्दामा सीमित महोत्तरीको सम्सी गाउँपालिका-७ सम्सीका महिलाहरू आजभोलि करेलाको हरियालीसँगै आफ्नो जीवनको उज्यालो भविष्य कोर्दै छिन् ।

सामूहिक प्रयास, निरन्तर मेहनत र व्यावसायिक सोचले सम्सीका महिलाहरुलाई आत्मनिर्भर मात्र बनाएको छैन, गाउँमै सम्मानित कृषक-उद्यमीका रूपमा समेत स्थापित गरेको छ । सम्सी गाउँपालिकाका विभिन्न वडामा महिलाहरूले समूह बनाएर व्यावसायिक रुपमा करेलाखेती सुरु गरेका छन् ।

केही वर्षअघिसम्म परम्परागत खेतीमा सीमित उनीहरू अहिले आधुनिक प्रविधि अपनाएर करेलाको उत्पादन गर्दै स्थानीय बजारसँगै जनकपुर, जलेश्वर, गौशाला, बर्दिबास र छिमेकी जिल्लासम्म बिक्री गर्न थालेका छन् ।



बिहान सबेरै खेतमा पुगेर लहराको स्याहार, सिँचाइ, मल व्यवस्थापन र टिपाइमा व्यस्त देखिने महिलाहरूको अनुहारमा थकानभन्दा बढी आत्मविश्वास झल्किन्छ । सम्सी गाउँपालिका-७ निवासी शैलीदेवी यादवका अनुसार करेलाखेतीबाट हुने नियमित आम्दानीले परिवारको दैनिक खर्च धान्न, छोराछोरीको पढाइ खर्च जुटाउन र बचत गर्न समेत सहज भएको छ ।

"पहिला घरबाहिर काम गर्ने अवसर कम थियो, अहिले आफ्नै गाउँमा खेती गरेर आम्दानी गर्न सकेका छौं", शैली देवी भनिन्, "परिवारको निर्णयमा पनि हाम्रो भूमिका बढेको छ ।" अघिल्लो वर्ष दुई कट्ठामा लगाएको करेलाखेतीबाट राम्रो आम्दानी भएपछि यस वर्ष चार कट्ठा लगाएको उनको भनाइ छ । "सुरुमा केही काम नगरी घरमा त्यतिकै समय बिताउँदै थिए", सम्सी गाउँपालिका ७ कै रिमाकुमारी बैठाले भनिन्- "तर अहिले समुह मार्फत करेला खेतीबारे जानकारी पाएपछि व्यवसायिक रुपमा करेला खेती गर्दै आएकी छु ।" धानको सिजनमा धान बाली लगाउँछु र बाँकी जग्गामा करेलाखेती लगाएर आम्दानी गर्दै आएको उनी बताउँछिन् ।

उर्वर भूमि, सिँचाइको सुविधा र बजारसँगको सहज पहुँचका कारण सम्सीमा करेलाखेती विस्तार हुँदै गएको कृषि प्राविधिक महेश यादव बताउँछन् । उचित समयमा बीउ रोप्ने, बाँस र तारको सहायताले लहरा व्यवस्थापन गर्ने तथा जैविक मलको प्रयोग बढाउँदा उत्पादन र गुणस्तर दुवैमा सुधार आएको उनको भनाइ छ ।

महिलाहरूले उत्पादन गरेको करेला स्थानीय व्यापारीले खेतबाटै खरिद गर्ने गरेका छन् । बजार मूल्य अनुकूल हुँदा एक सिजनमै उल्लेख्य आम्दानी हुने भएकाले अन्य महिलाहरू पनि यसतर्फ आकर्षित हुन थालेका छन् । केहीले करेलासँगै काँक्रो, लौका, घिरौंला र अन्य मौसमी तरकारीको समेत मिश्रित खेती गर्दै जोखिम घटाउने प्रयास गरिरहेका छन् ।

करेला खेतीले आर्थिक लाभ मात्र दिएको छैन, महिलाहरूमा नेतृत्व क्षमता र आत्मविश्वास पनि बढाएको छ । सम्सी गाउँपालिका-७ वीभाकुमारी यादवको नेतृत्वमा गठन भएको 'देवकी करेला बाली उत्पादक कृषक समूह' अहिले महिलालाई आर्थिक उपार्जन तथा आत्मनिर्भर बन्ने केन्द्र बनेको छ । समूहमा आबद्ध २५ जना महिलाले घरायसी कामपछि बाँकी समयलाई करेलाखेतीमा लगाउन थालेका छन् ।

समूहमा आबद्ध भएर महिलाहरूले बचत गर्ने, अनुभव आदानप्रदान गर्ने, नयाँ प्रविधि सिक्ने र बजार खोज्ने काम सामूहिक रूपमा गर्दै आएका छन् । यसले सामाजिक रूपमा पनि महिलाको भूमिका थप सशक्त बन्दै गएको स्थानीय अगुवा सुरेश ठाकुरले बताए ।

सरकारी तथा विकास साझेदार संस्थाले

*- बाँकी पृष्ठ ३ मा*

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री, ग्रुप एडिटर: राजकरण महतो